ldq /fi6 ef/tsf &@ cf :jtGqtf lbj;sf ze pknIodf
cfoflht zesfdgf cfbfg kbfg ;df/fx olx ldlt @)&% >fj0f @( ut
gof jfgZj/ l:yt jfgZj/ Jofª Sj6df ;DkGg .







मित्र राष्ट्र भारतको ७२ औं स्वतन्त्रता दिवसको
शुभ उपलक्ष्यमा आयोजित





उक्त कार्यक्रमको अवसरमा बोल्नुहुंदै विभिन्न वक्ताहरुले भारतको स्वन्त्रता दिवसको महत्व तथा नेपाल भारत मैत्री संबन्धमा प्रकाश पार्नु भएको थियो। यस समारोहमा सभापतिको आसन ग्रहण ने.भा.मै.संघका केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यूले गर्नु भएको थियो यसैगरी समारोहमा सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराज्यूले प्रमुख अतिथिको आसन ग्रहण गर्नु भएको थियो  समारोहमा विशिष्ट अतिथिको रुपमा नेपालका लागि भारतीय राजदूत महामहिम श्री मंजिब सिंह पुरीज्यू तथा पूर्व उपप्रधानमन्त्री साथै ने.का. नेता श्री कृष्ण प्रसाद सिटौलाज्यूले आसन ग्रहण गर्नु भएको थियो। समारोहमा प्रदेश सभा सांसद तथा निवर्तमान अध्यक्ष तथा संरक्षक श्री ओम प्रकाश सरावगीज्यू, पूर्व मन्त्री तथा संरक्षक श्री डम्बर नारायण यादवज्यू, ने.भा.मै.संघ पूर्व अध्यक्ष तथा संरक्षक श्री मुरारीलाल अग्रवालज्यूको सहभागिता रहेको थियो। समारोहमा ने.भा.मै.संघका वरिष्ठ उपाध्यक्ष श्री तुल बहादुर साउदज्यूले स्वागत मन्तव्य राख्नु भएको थियो। ने.भा.मै. संघका महासचिव श्रीप्रसाद कोइर ालाज्यूद्धारा संचालित उक्त कार्यक्रममा ने.भा.मै.संघका सल्लाहकारज्यूहरु, केन्द्रीय समितिका पदाधिकारीज्यूहरु, सदस्यज्यूहरु लगायतको उल्लेख्य उपस्थिति रहेको थियो।

# नेपाल-भारत मैत्री संघ एक संक्षिप्त चिनारी

## परिचयः

दक्षिण एशियामा अवस्थित नेपाल र भारत दुवै स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न प्रजातान्त्रिक मुलुक हुन् । भूगोल र राजनैतिक परिवेशले दुई छुट्टै राष्ट्र भए पनि धर्म, संस्कृति, कला साहित्य र रीतिरिवाजले एउटै मूल्य, मान्यता र आदर्शमा बाँधिएका दुई देशबीचको मित्रता सुमधुर र प्रगाढ रहँदै आएको छ । हाम्रा साझा देव, देवालय, संस्कार र सभ्यता भएकै कारणले नेपाल र भारतबीचका जनस्तरको संम्बन्धलाई प्रगाढ बनाउने चिन्तनबाट २०११ सालदेखि नै नेपाल–भारत मैत्री संघको अवधारणा विकसित भएको थियो । यो संस्था २०३८ सालमा आएर नेपाल–भारत मैत्री संघ जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा २ नं. मा विधिवत दर्ता भै अनेकौं मोडहरु पार गर्दै आजको यस अवस्थामा आइपुगेको छ ।

गैर सरकारी संस्थाको इतिहासमा अग्रणी संस्थाको रुपमा स्थापित यस संस्थाका संस्थापक अध्यक्ष राष्ट्रकवि श्री माधवप्रसाद घिमिरेज्यू लगायत अन्य अग्रज राजनीतिक र साहित्यिक व्यक्तित्वहरुको योगदानको उच्च मूल्यांकन गर्दै उहाँहरुप्रति नेपाल–भारत मैत्री संघ कृतज्ञता ज्ञापन गर्दछ ।

## उद्देश्यः

नेपाल–भारत मैत्री संघ विधानको प्रस्तावनामा उल्लेखित नेपाल र भारतबीचको परापूर्व कालदेखिको मैत्री सम्बन्धलाई समय सापेक्ष रुपमा सुदृढ बनाउन कार्यरत एक सामाजिक संस्था हो । दुई देशबीच परम्परादेखि चलिआएका आदर्श र मित्रताको संम्बन्धलाई मजबुत पार्दै अगाडि बढ्ने लक्ष्य लिएको संस्थाका उद्देश्यहरुले भन्छन् :

क) नेपाल र भारतबीचको शास्वत मैत्री परम्परालाई अक्षुण राख्दै पारस्परिक संम्बन्धलाई सुमधुर एवं व्यापक बनाउने ।

ख) धर्म, संस्कृति, सभ्यता, भाषा, कला, साहित्य तथा राष्ट्रिय विकासका विभिन्न पक्षहरुमा नेपाल र भारतबीच जनस्तरमा व्यापक जनसहभागिता कायम गराउने ।

ग) दुई देशबीचको सामाजिक, आर्थिक विकासका विविध क्षेत्रमा परस्पर सहयोग र सद् भावलाई मूर्तरुप दिने, दिलाउने ।

घ) विश्व भातृत्व एवं विश्व शान्तिलाई सुदृढ बनाउन संयुक्त राष्ट्र संघको सिद्धान्त अनुरुप मानव कल्याणकारी वातावरण तयार गर्न सक्रिय रहने ।

ङ) दुवै देशका ख्याति प्राप्त विशिष्ट व्यक्तिहरुको भ्रमणको आदान–प्रदान गराउने ।

च) भारतका विभिन्न स्थानमा गठित भारत–नेपाल मैत्री संघ/संस्थाहरुसंग भातृ संम्बन्ध राखी समान उद्देश्य प्राप्तिका लागि सहकार्य गर्ने ।

छ) नेपाल र भारत दुबै देशका जनताबीच सुसंम्बन्ध कायम राख्न प्रयत्नशील रहने ।

## नेपाल-भारत मैत्री संघले गर्ने कार्यहरुः

यस संस्थाको विधानले निर्दिष्ठ गरेका उद्देश्यहरु पुरा गराउन र मैत्री संम्बन्धका नयाँ आयामहरुलाई राष्ट्र र जनताको हितलाई ध्यानमा राखी,

- दुबै देशका राष्ट्रिय पर्वहरु, स्वतन्त्रता दिवस एवं गणतन्त्र दिवस, बुद्ध जयन्ति, विश्व अहिंसा दिवस तथा महात्मा गान्धी जयन्तिको अवसरमा विविध कार्यक्रम संचालन गर्ने ।
- कला, संस्कृति र साहित्यका विविध पक्षमा अर्न्तक्रिया गराउने ।
- विशिष्ट विद्वान–विदुषी, कुटनितिज्ञ, समाजसेवी व्यक्तिहरुको भ्रमणको आदान–प्रदान तथा विचारको विनिमय गर्ने, गराउने ।
- राष्ट्र र जनताको विषयमा सरोकार राख्ने, प्रविधि र तिनको संरक्षण, संम्बर्धन र उपयोग संम्बन्धी प्रवचन, गोष्ठी, सेमिनार र अर्न्तक्रियाको आयोजना गर्ने ।
- जनस्वास्थ्यसँग संम्बन्धित विभिन्न स्वास्थ्य शिविर, रक्तदान जस्ता जनहित र चेतनामुलक कार्यहरु संचालन गर्ने ।
- नेपाल र भारतमा बसी पेशा व्यवसाय संचालन गरी बसेका दुवै देशका नागरिकहरुको सेवा, सुरक्षा, हक–हित र आपत–विपतमा सहयोग पु¥याउन क्रियाशिल रहने ।
- समान उद्देश्य र प्रकृतिका संघ/संस्थाहरुसँग भगिनी संम्बन्ध स्थापित गरी भ्रमणको आदान–प्रदान गर्ने ।
- हाम्रा एक अर्काका आधुनिक प्रविधि, अनुभव र श्रोत साधनलाई जनहितमा प्रयोग गर्ने ।
- उपरोक्त कार्यक्रमका अतिरिक्त अन्य आवश्यक र उपयुक्त कार्यक्रमहरु संचालन गर्ने वातावरण संस्थाले तय गर्ने लक्ष्यका साथ यो संघ क्रियाशिल रहने छ ।

## संघ र सदस्यताः

नयाँ वानेश्वर, काठमाडौंमा केन्द्रीय कार्यालय रहेको नेपाल–भारत मैत्री संघ मुलुककै अग्रणि सामाजिक संस्था आज मुलुकका ७३ जिल्लामा जिल्ला शाखा र ३८ उपशाखामा विस्तारीत हुँदै ८,००० भन्दा बढीको संख्यामा आजिवन सदस्य र २० जना विशिष्ट सदस्य रहेको संस्थाले संख्यात्मक भन्दा गुणात्मक हिसावले आफ्ना कृयाकलापलाई अगाडि बढाउने लक्ष्यका साथ लागि परेको छ । राजनैतिक परिवेश भन्दा स्वतन्त्र अस्तित्व र विशुद्ध मानवीय सेवाको अभिप्रायले संचालित संस्था भएकै कारण मुलुकका विभिन्न क्षेत्रमा वैशिष्ट्यता प्राप्त गर्नु भएका महानुभावहरुको सहयोग, सुझाव, सद्भाव र सहकार्यले गर्दा संस्थाले अगाडि बढ्ने प्रेरणा र उर्जा प्राप्त गरेको छ ।

अक्ष्यकोषको स्थापना : संस्थालाई आत्म निर्भर बनाउँदै आफ्नै श्रोत र साधनको वुतामा संस्थाका क्रियाकलापलाई परिचालन गर्ने लक्ष्यका साथ विशिष्ट सदस्य एवं आजिवन सदस्यहरुबाट प्राप्त हुने सदस्यता शुल्क मध्ये विशिष्ट सदस्यको रु. ५१,०००/– र आजिवन सदस्यको रु. ५,००/– का दरले संस्थाले “नेपाल–भारत मैत्री अक्ष्यकोष” स्थापना गर्न र कम जम्मा गरिसकेको र केही वर्ष भित्र उक्त कोषमा रु. २,००,००,०००/– (रु. दुइ करोड) पुऱ्याउने लक्ष्यका साथ संपूर्ण मित्रहरुलाई मन, वचन र कर्मले सहयोग पुऱ्याउनुहुन समेत आग्रह गर्दछौं ।

## लम्की/साउन ३१, मित्रराष्ट्र भारतको ७२ औं स्वतन्त्रता दिवसका अवसरमा नेपाल भारत मैत्री संघ लम्की उपशाखा कैलालीको आयोजनामा कैलालीको लम्कीमा शुभकामना आदानप्रदान कार्यक्रम संम्पन्न ।






नेपाल भारत मैत्री संघ लम्की उपशाखाका अध्यक्ष रंगप्रसाद तिमिल्सैनाको सभापतित्वमा भएको कार्यक्रमका प्रमुख अतिथि लम्कीचुहा नगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष भक्तबहादुर चलाउने रहनु भएको थियो । कार्यक्रममा लम्कीचुहा उद्योग वाणिज्य संघका उपाध्यक्ष सुशीला शाही, लम्की लायन्स क्लब कृयटिभका अध्यक्ष देवकी कार्की, लम्की जेसिसका पुर्व अध्यक्ष जुगराम चौधरी, लम्की बहुमुखी क्याम्पसका पुर्व क्याम्पस प्रमुख बद्रीप्रसाद लम्साल,नेपाल रेडक्रस सोसाइटी लम्की उपशाखाका सचिव बिनोद आचार्य, राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक धर्मराज जोशी, कोपिला सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष पुर्णप्रसाद बजगाई लगायतका वक्ताहरुले शुभकामना मन्तव्य राख्नु भएको थियो । ने.भा.मै.संघ लम्की उपशाखाका सदस्य टंक देवकोटाले स्वागत मन्तव्य राख्नु भएको कार्यक्रमको संचालन सदस्य देवानन्द न्यौपानेले गर्नु भएको थियो ।

## मित्रराष्ट्र भारतको ७२ औं स्वतन्त्रता दिवसका अवसरमा नेपाल भारत मैत्री संघ, जिल्ला शाखा सर्लाहीको आयोजनामा बाल मन्दिर प्राङ्गण मलंगवामा शुभकामना आदान–प्रदान कार्यक्रम संम्पन्न ।








उक्त कार्यक्रम नेपाल भारत मैत्री संघ, सर्लाही जिल्ला शाखाका सभापति श्री महेन्द्र प्रसादको सभापतित्वमा संचालन भएको थियो । सो कार्यक्रममा ने.भा.मै.संघ के.सदस्य तथा सर्लाही जिल्ला शाखा सचिव श्री गजेन्द्र प्रसाद गुप्ता (गणेश), निवर्तमान सभापति श्री रामदेव ठाकुर, लगायत जिल्ला शाखाका पदाधिकारीहरु, आजिवन सदस्यहरु, विभिन्न संघ संस्थाका प्रतिनिधि, निजी विद्यालयका शिक्षक तथा विद्यार्थी, नागरिक समाज, पत्रकार लगायतकाहरुले नेपाल भारतको झण्डा, ब्यानर र विभिन्न नारा लेखिएका प्लेकार्डको साथमा नगरपरिक्रमा गरिएको थियो । दिवसको अवसरमा मलंगवा नगरपालिका क्षेत्र भित्रका निजी विद्यालयहरु बीच “देशलाई खुला दिशामुक्त बनाउने अभियानमा देशवासीको भुमिका” भन्ने विषयमा वक्तृत्वकला प्रतियोगिताको समेत आयोजना गरिएको थियो ।

मित्रराष्ट्र भारतको ७२ औं स्वतन्त्रता दिवसका अवसरमा नेपाल भारत मैत्री संघ, जिल्ला शाखा कपिलवस्तुको आयोजनामा गरिएको शुभकामना आदानप्रदान कार्यक्रमको दृष्यहरु ।








## मित्रराष्ट्र भारतको ७२ औं स्वतन्त्रता दिवसका अवसरमा नेपाल भारत मैत्री संघ, जिल्ला शाखा पाल्पाको आयोजनामा गरिएको शुभकामना आदानप्रदान कार्यक्रमको झलकहरु ।








नेपाल भारत मैत्री संघ जिल्ला शाखा पाल्पा द्वारा मित्र राष्ट्र भारतको ७२ औं स्वतन्त्रता दिवसको अवसर पारी जिल्ला शाखा अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षता, रा.न.पा. वडा नं. ५ का वडाध्यक्ष क्या. हिमाल मल्लको प्रमुख आतिथ्यता सहित अतिथिमा मैत्री संघ जिल्ला शाखा सल्लाहकार श्री देवराज ढकाल लगायत जिल्ला शाखाका पदाधिकारीहरु तथा अन्य विशिष्ट व्यक्तिहरुको उपस्थितिमा रामपुर स्थित कार्यक्रम संपन्न भयो ।

## मित्रराष्ट्र भारतको ७२ औं स्वतन्त्रता दिवसका अवसरमा नेपाल भारत मैत्री संघ, उप–शाखा, कोहलपुर, बाँकेद्धारा आयोजित दृष्टि बिहिन छात्र, छात्राहरुलाई वनभोज कार्यक्रम संपन्न ।





उक्त कार्यक्रम कोहलपुर ११ मा रहेको त्रिभुवन माध्यमिक विद्यालयमा अध्ययनरत दृष्टि विहिन छात्र तथा छात्राहरुबिच गरिएको थियो । उपशाखाका अध्यक्ष श्री नरेस वान्तवा र ाईज्यूको सभापतित्व र ने.भा.मै.संघ मध्यपश्चिमाञ्चलकी केन्द्रीय उपाध्यक्ष श्री शुष्मा शर्माज्यूको प्रमुख आतिथ्यतामा आयोजित सो वनभोज कार्यक्रम सिद्धिविनायक सामुदायिक वनको वनभोज स्थलमा गरिएको थियो ।

# नेपाल भारत मैत्री संघ जिल्ला शाखा बाँकेको ५ औं वार्षिक साधारण सभा एवं तेस्रो अधिवेशनका दृष्यहरु ।






नेपाल भारत मैत्री संघ जिल्ला शाखा बाँकेको ५ औं वार्षिक साधारण सभा एवं तेस्रो अधिवेशन अध्यक्ष अजय कुमार टण्डनज्यूको अध्यक्षतामा संचालन भएको थियो । सभाको प्रमुख अतिथिमा संघका संरक्षक तथा प्रदेश नं. १ का प्रदेश सभा सदस्य श्री ओम प्रकाश सरावगीज्यू तथा विशिष्ट अतिथिको रुपमा संघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष श्री तुल बहादुर साउदज्यू लगायत अन्य अतिथिहरुमा प्रमुख जिल्ला अधिकारी माननिय सभासद्, उद्योग वाणिज्य संघ बाँकेका अध्यक्षको विशेष उपस्थितिमा भव्यताका साथ सभा सु–सम्पन्न भएको थियो ।

**लम्की, भाद्र २८, नेपाल भारत मैत्री संघ लम्की उपशाखा , कैलालीको आयोजना तथा नगर बाल अधिकार संरक्षण तथा सम्बर्द्धन समिती लम्कीचुहाको सह आयोजनामा कैलालीको लम्कीमा तिज विशेष कार्यक्रम सम्पन्न भएको छ ।**





नेपाल भारत मैत्री संघ लम्कीका अध्यक्ष रंगप्रसाद तिमिल्सैनाको सभापतित्वमा भएको कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सभा सदस्य माननीय कमला कुमारी ओली रहनु भएको थियो । सुखी नेपाली , समृद्ध नेपाल स् बाल अधिकार सबैको सरोकार भन्ने मुल नारा सहित उक्त अवसरमा लम्कीचुहा नगर पालिका स्तरीय अन्तर वडा बालिका नृत्य र बाल अधिकार सबैको सरोकार विषयक वक्तृत्वकला प्रतियो गिता समेत सम्पन्न भएको छ। नेपाल भारत मैत्री संघ केन्द्रिय कर्यालयको मुख्य प्रयोजनमा भएको कार्यक्रममा बिशिस्ट अतिथि लम्कीचुहा नगरपालिकाका उपप्रमुख टीका थापाले आगामी दिनमा लम्कीचुहा नगरपालिकाले बालबालिका लक्षित कार्यक्रम संचालनका लागि आफुले पहल गर्ने बताउदै नगरपालिकाका तर्फबाट बालबालिकाका अधिकारका लागि आफ्नो सधै प्रयास रहने बताउनु भयो । नगर बाल अधिकार संरक्षण तथा सम्बर्द्धन समिति लम्कीचुहाका उपाध्यक्ष जुगराम चौधरीले स्वागत मन्तव्य राख्नु भएको कार्यक्रमको संचालन नेपाल भारत मैत्री संघ लम्की उपशाखाका सचिव शिव थापाले गर्नु भएको थियो ।

## नेपाल भारत मैत्री संघ पर्सा जिल्ला शाखाको जिल्ला मैत्री सभा (साभारण सभा) होटल सुरज, आदर्शनगर, वीरगञ्जमा संपन्न ।











नेपाल–भारत मैत्री संघ पर्सा जिल्ला शाखाको जिल्ला मैत्री सभा (साधारण सभा) मिति २०७५/०५/३० गते संपन्न भयो । ने.भा.मै.संघ केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यूको प्रमुख आतिथ्यतामा भएको सो सभाले पर्सा जिल्ला शाखाको आगामी कार्यकालको लागि निर्मल कुमार सिन्धीज्यूको अध्यक्षतामा १३ सदस्यिय कार्य समिति चयन गरीएको थियो । कार्यक्रममा जिल्लाका सचिव श्री नेत्र प्रसाद मैनालीज्यूले वार्षीक प्रतिवेदन तथा शाखाका कोषाध्यक्ष श्री अर्जुन प्रसाईज्यूले आय–व्ययको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । पदाधिकार छनौट आजिवन सदस्यज्यूहरुको सर्वसम्मतीबाट पारीत गरीएको थियो । सोही दिन नै नयाँ निर्वाचीत अध्यक्षज्यूले ७ जना सदस्यहरुलाई मनोनित गर्दै कुल २० सदस्यिय कार्यसमिती बनाईएको थियो । भेलामा उपाध्यक्ष श्री शम्भु प्रसाद कलवारज्यूले सभापतिको आसन ग्रहण गर्नु भएको थियो । कार्यक्रममा केन्द्रीय अध्यक्ष श्री राज कुमार सिन्धीज्यूले नव निर्वाचित पदाधिकार ीहरुलाई सपथ गराउँदै मैत्री संघको बारेमा विस्तृत जानकारी उपस्थित सदस्यज्यूहरुमा गराउनु भएको थियो । कार्यक्रममा के.सदस्य तथा पर्सा शाखाका पूर्व सचिव श्री नेत्र प्रसाद मैनालीज्यूको पनि गरीमामय उपस्थिति रहेको थियो भने विशिष्ट सदस्य श्री रजत सचदेवाज्यूलाई पनि मञ्चमा आसिन गराईएको थियो । सो सभाले जिल्लाबाट के. मैत्री सभामा नवनियुक्त अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष गरी जिल्ला शाखा बाट जम्मा ४ जना साथै आजिवन सदस्य संख्याबाट जम्मा १५ जना प्रतिनिधि पठाउने निर्णय गरिएको थियो ।

## रेडियो सम्पदा ९०.५ मेघाहर्ज र नेपाल भारत मैत्री संघ केन्द्रको संयुक्त आयोजनामा चितवनमा गरिएको तीज विशेष कार्यक्रमको दृश्यहरु ।









उक्त कार्यक्रम ने.भा.मै.संघ केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यू र केन्द्रीय सदस्य श्री मुना गुरुङ्गज्यू को अध्यक्षतामा र वरिष्ठ समाज सेवी श्री तिल कुमारी सेडाई को प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा ने.भा.मै.संघ केन्द्रका वरिष्ठ उपाध्यक्ष श्री तुल बहादुर साउदज्यू तथा वडा नं. ६ का वडा अध्यक्ष श्री हरि विलास कोइरालाज्यूले विशिष्ट अतिथिको भूमीका निभाउनु भएको थियो । लगभग १,००० जना दर्शकहरुको सहभागितामा कार्यक्रम संपन्न भएको थियो ।

## संविधान दिवस (राष्ट्रिय दिवस) २०७५ को शुभ अवसरमा ने.भा.मै.संघ केन्द्रीय समितिद्वारा संघको केन्द्रीय कार्यालय, बानेश्वरमा आयोजित समारोहको दृश्यहरु ।






नेपालको ४ औं संविधान दिवसको शुभ अवसरमा आयोजित उक्त कार्यक्रममा प्रमुख अतिथि नि.अध्यक्ष श्री ओम प्रकाश सरावगीज्यूले यस दिवसको महत्व संवन्धमा प्रकाश पार्नु भएको थियो । संघका के. महासचिव श्रीप्रसाद कोइरालाज्यूद्वारा संचालित कार्यक्रममा सभापति संघका केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यूले दिवसको महत्व प्रष्ट्याउँदै उपस्थित सबै मा धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

## नेपाल भारत मैत्री संघ जिल्ला शाखा कास्कीको चौंथो मैत्री सभा एवम् दोश्रो अधिवेशन यहि मिति २०७५ असोज ३ गते लेगेसी होटल, पोखरामा संपन्न ।









नेपाल भारत मैत्री संघ, ललितपुर जिल्ला शाखाको १२ औं मैत्री सभा २०७५ साउन ३१ गते कोप फुडल्याङ, ललितपुरमा संपन्न ।






नेपाल भारत मैत्री संघ, सामाखुसी उपशाखा, काठमाडौंद्वारा २०७५ श्रावण ९ गते काठमाडौं स्थित हिमालयन वृद्धाश्रममा गरिएको युवा परिचालन उपसमिति गठन कार्यक्रम को दृश्यहरु ।









उक्त कार्यक्रमको सभापतित्व यस उपशाखाका अध्यक्ष श्री शेषकान्त शर्मा पौडेलज्यूद्वारा भएको थियो । सोही कार्यक्रममा प्रमुख अतिथिको रुपमा ने.भा.मै.संघका केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यू तथा अन्य अतिथिहरुमा क्रमशः के.उपाध्यक्ष श्री वासुदेव रिमालज्यू तथा के. सदस्य श्री मुना गुरुङ्ज्यूको उपस्थिति रही उक्त उपशाखामा युवा परिचालन उपसमिति गठन भएको थियो । अध्यक्ष- श्री महेश पन्त, उपाध्यक्ष-श्री सरला पन्थी, सचिव-श्री खेम कुमारी खड्का, कोषाध्यक्ष- श्री शर्मिला गुरुङ्ग तथा अन्य सदस्यहरु । उक्त उपसमितिमा यस उपशाखाका सचिव श्री लक्ष्मण खनाल, सदस्य सचिव र यस संस्थाका को षाध्यक्ष श्री महेन्द्र कुमार श्रेष्ठ पदेन सदस्यको रुपमा गठन भएको थियो ।

# Lions club of Hetauda,
# Lions club of Hetauda Intellectual,
# Lions club of Hetauda Suryodaya,
# Lions club of Thahanagar

द्वारा आयोजित "Joint Installation and Induction Ceremony" कार्यक्रममा सहभागि हुनुहुँदै
ने.भा.मै.संघ केन्द्रीय अध्यक्ष **श्री राजकुमार सिन्धीज्यू** ।

